लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश खेलकुद परिषद् लुम्बिनी

PROVINCE SPORTS COUNCIL, LUMBINI NEPAL

रासी उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : ०८३/८४

च. नं. : ६४

मिति:२०८३/०७/०९

श्री कार्यालय प्रमुख ज्यू,

जिल्ला खेलकुद विकास समिति (सबै),लुम्बिनी प्रदेश।

विषयः राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा।

प्रस्तुत विषयमा राष्ट्रिय खेलकुद परिषदको च.नं. ०८/२०८३ मिति २०८३/०६/३० गतेको पत्रानुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धी निर्देशिका,२०७० हाल छैटौं संशोधनको प्रक्रियामा रहेकाले अर्को निर्देशन नभएसम्मको लागि आफ्नो जिल्लाका स्थानीय तहहरुलाइ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता नगर्न/नगराउन आवश्यक पत्राचार गरी जानकारी गराउनुहुन निर्देशानुसार अनुरोध छ।

अमृत के.सी.

प्रशासन प्रमुख

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"

राष्ट्रिय खेलकुद परिषद

प्रधान कार्यालय: त्रिपुरेश्वर, काठमाडौं, नेपाल

National Sports Council

Head Office: Tripureshwor, Kathmandu, Nepal

च.नं./Ref. No.: ०८।०८३

विभाग/शाखा
Dept./ Sec.

मिति/ Date: २०८३/०६/३०

श्री प्रदेश खेलकुद परिषद लुम्बिनी,
दाङ ।

विषय: राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धी निर्देशिका २०७० हाल छैठौं संशोधनको प्रक्रियामा रहेको व्यहोरा जानकारी गराइन्छ। संशोधित निर्देशिका मार्फत सातै प्रदेश, ७७ जिल्ला तथा ७५३ वटै स्थानीय तहमा प्रतियोगिता सञ्चालन हुने गरी आवश्यक व्यवस्था मिलाउने तयारी भइरहेको छ।

निर्देशिका संशोधनको कार्य सम्पन्न भई सोही बमोजिम प्रतियोगिता सञ्चालन सम्बन्धी आधिकारिक व्यवस्था लागू हुन बाँकी रहेको वर्तमान अवस्थामा प्रचलित व्यवस्थासँग एकरूपता कायम गर्न तथा प्रतियोगिता सञ्चालनमा आवश्यक समन्वय र व्यवस्थित कार्यान्वयन सुनिश्चित गर्न अर्को आधिकारिक निर्णय वा निर्देशन नभएसम्म आफ्नो प्रदेश अन्तर्गतका सम्बन्धित जिल्ला खेलकुद विकास समिति, स्थानीय तह तथा अन्य सरोकारवाला निकायलाई राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन नगर्न/नगराउन आवश्यक जानकारी तथा निर्देशन दिनुहुन अनुरोध छ।

साथै, यस विषयमा मातहतका सम्बन्धित निकायहरूलाई समयमै जानकारी गराई अर्को आधिकारिक निर्देशन प्राप्त नभएसम्म प्रतियोगिता सञ्चालन सम्बन्धी कुनै पनि प्रक्रिया अगाडि नबढाउनु हुन निर्देशानुसार अनुरोध छ।

गिन कुमार शर्मा
विभागीय प्रमुख
खेलकुद प्रतियोगिता तथा योजना विभाग

P.O. Box: 2090, Tripureshwor, Kathmandu, Tel.: 01-5361873, 5348925, 5351336, 5348707, 5350669, 4101074, Fax: 977-1-4261766, E-mail:. ns.secretariat@nsc.gov.np